# प्रेस बिज्ञप्ती

नेपाली साहित्यको अन्तर्राष्ट्रिय पहिचान र वातावरणीय चेतनाको प्रवर्द्धन गर्ने उद्देश्यले गैर-आवासीय नेपाली संघ हङकङद्वारा आयोजित "ईको कविता प्रतियोगिता–२०८०" को औपचारिक घोषणा गरिन्छ। विश्वभरका नेपाली साहित्यप्रेमीहरूलाई प्रकृति, वातावरण, जलवायु परिवर्तनजस्ता विषयमा आधारित सिर्जनात्मक कविता लेख्न आमन्त्रण गरिन्छ।

प्रतियोगिताको प्रमुख उद्देश्य वातावरणीय सन्देश फैलाउने, नेपाली साहित्यमा ईको कविता विधाको प्रवर्द्धन गर्ने तथा विश्वभर छरिएर रहेका नेपाली साहित्यकारहरूलाई एकजुट गर्ने हो।

प्रतियोगिताको संचालन टोलीमा गैर-आवासीय नेपाली संघ हङकङका महासचिव श्री भबिन लिम्बु, हङकङमा बसेर नेपाली साहित्यको संरक्षण र प्रवर्द्धनमा सक्रिय कवियत्रीद्वय जानु काङमाङ र दिपा एवाई रहनुहुनेछ। साथै, प्रतियोगिताको विश्व संयोजकको जिम्मेवारी नेपाली पर्या साहित्य महासंघका अध्यक्ष श्री विजय हितान (यूके) ले निर्वाह गर्नुहुनेछ।

प्रतियोगितामा सहभागी हुन चाहने साहित्यकारहरूले आफ्नो कविता डिजिटल माध्यमबाट पठाउन सक्नुहुनेछ। कविता नेपाली भाषामा ३०० शब्दभित्र हुनुपर्नेछ। अन्तिम मिति २०८० माघ १७ गते (३१ जनवरी २०२४) तोकिएको छ। प्रतियोगिताको कुल पुरस्कार राशि रु. १,००,००० रहेको छ।

साहित्य र वातावरणको संगममार्फत सन्देश फैलाउने यो अभियानमा विश्वभरका नेपाली साहित्यप्रेमीहरूको सक्रिय सहभागिता अपेक्षित छ।

रचना सहभागिताका लागि सम्पर्क:

Email: ecopoemhk@gmail.com
WhatsApp: +852 6112 2105 / +852 9798 1272

NON-RESIDENT NEPALESE ASSOCIATION HONG KONG LIMITED
NRNA HONG KONG

Tahir Khan

ताहिर खान
प्रवक्ता

२७ नोवम्बर २०२५